**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज आन्ध्र प्रदेश र तमिलनाडुको भ्रमण गर्नुहुनेछ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई स्वागत गर्न आफू उत्सुक रहेको बताउनुभएको छ|
- भारतले आतंकवाद विरुद्ध आफ्ना जनताको रक्षा गर्ने पूर्ण अधिकार रहेको र यसको प्रयोग गर्ने बताएको छ|
- प्रवर्तन निदेशनालयले अल फलाह विश्वविद्यालयका अध्यक्ष जवाद अहमद सिद्दीकीलाई धन शोधन निवारण अधिनियम अन्तर्गत पक्राउ गरेको छ।
- भारतकी प्रीति पवारले टोकियो बक्सिङमा ताइवानकी हुआङ हसियाओ-वेनलाई ५४ किलोग्राम वर्गमा पराजित गरेकी छिन्|

**प्रधानमन्त्रीको आन्ध्र-तमिलनाडु भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आन्ध्र प्रदेश र तमिलनाडुको भ्रमण गर्नुहुनेछ। प्रधानमन्त्रीले आन्ध्र प्रदेशको पुट्टपार्थीमा रहेको श्री सत्य साई बाबा मन्दिर र महासमाधी स्थलमा प्रार्थना गर्नुहुनेछ। श्री मोदीले श्री सत्य साई बाबाको शताब्दी समारोहमा पनि भाग लिनुहुनेछ। यस अवसरमा श्री सत्य साई बाबाको जीवन, शिक्षा र विरासतलाई समर्पित एक स्मारक सिक्का र हुलाक टिकट जारी गरिनेछ। यस अवसरमा प्रधानमन्त्रीले एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नुहुनेछ।

यसपछि, प्रधानमन्त्रीले तमिलनाडुको कोइम्बटूरमा दक्षिण भारत प्राकृतिक कृषि शिखर सम्मेलनको उद्घाटन गर्नुहुनेछ। सम्मेलनमा पाँच हजार किसानहरू उपस्थित हुने अपेक्षा गरिएको छ। प्रधानमन्त्रीले ९ करोड किसानहरूका लागि १८,००० करोड रुपैयाँ बराबरको प्रधानमन्त्री किसान सम्मान निधि योजनाको २१ औं किस्ता जारी गर्नुहुनेछ। कार्यक्रममा श्री मोदीले प्राकृतिक खेती गर्ने किसानहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। यस अवसरमा दस उत्कृष्ट किसानहरूलाई पनि सम्मानित गरिनेछ। सम्मेलनको उद्देश्य स्वर्गीय जैविक किसान नम्मलवारले प्रवर्द्धन गरेको प्राकृतिक खेती प्रणालीलाई विश्वसामु प्रस्तुत गर्नु हो। तीन दिने कृषि शिखर सम्मेलन २१ नोभेम्बरमा समापन हुनेछ।

**प्रधानमन्त्री-निकोलाई भेटवार्ता**

प्रधानमन्त्री नरेन्द्र मोदीले अर्को महिना रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई स्वागत गर्न आफू उत्सुक रहेको बताउनुभएको छ।रूसी राष्ट्रपतिका सहयोगी निकोलाई पात्रुशेभसँगको नयाँ दिल्लीमा भएको  भेटघाटको क्रममा बताउनुभएको हो|

प्रधानमन्त्रीले सामाजिक सञ्जाल पोस्टमा भन्नुभएको छ-श्री पात्रुशेभसँग कनेक्टिभिटी, सीप विकास, जहाज निर्माण र नीलो अर्थतन्त्रमा सहयोगका लागि नयाँ अवसरहरू सहित समुद्री क्षेत्रमा सहयोग बढाउने बारेमा उपयोगी छलफल भएको छ।प्रधानमन्त्री कार्यालयका अनुसार, प्रधानमन्त्री मोदीले राष्ट्रपति पुटिनलाई हार्दिक बधाई दिनुभयो र अर्को महिना भारतमा स्वागत गर्ने आफ्नो उत्सुकता दोहोर्‍याउनु भयो। श्री पात्रुशेभले डिसेम्बरको सुरुमा तय भएको भारत-रूस शिखर सम्मेलनको तयारीबारे पनि छलफल

गर्नुभयो।यसअघि, पात्रुशेभले राष्ट्रिय युद्ध स्मारकमा भारतीय सशस्त्र बलका शहीद सैनिकहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो र पछि प्रधानमन्त्री संग्रहालयको भ्रमण पनि गर्नुभयो, जहाँ उहाँले  अतिथि पुस्तिकामा हस्ताक्षर गर्नुभयो।

**बिहारमा**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाह आज पटना आइपुग्नुहुने र मुख्यमन्त्री नीतीश कुमारसँग छलफल गर्ने सम्भावना छ। यसपछि मन्त्रीहरूको सूची र केही अन्य प्रमुख मुद्दाहरूमा अन्तिम निर्णय हुने सम्भावना छ।एनडीए विधायक दलको वैठक आज हुनेछ।नीतीश कुमारलाई एनडीए गठबन्धनको नेताको रूपमा निर्वाचित गर्ने सम्भावना छ। एनडीएका पाँच दलहरू - भाजपा, जनता दल (यूनाइटेड), लोक जनशक्ति पार्टी (रामविलास), हिंदुस्तानी आवाम मोर्चा र राष्ट्रीय लोक मोर्चाका सबै 202 नवनिर्वाचित विधायक यस बैठकमा सामेल हुनेछन् जसमा  गठबंधनको नेता पनि चयन गर्नेछन् ।

**विदेशमन्त्री-एस जय**

भारतले आतंकवाद विरुद्ध आफ्ना जनताको रक्षा गर्ने पूर्ण अधिकार रहेको बताएको छ र यसको प्रयोग गर्नेछ। रुसको मस्कोमा आयोजित सांघाई सहयोग संगठन (SCO) को परिषद बैठकलाई सम्बोधन गर्नुहुँदै विदेशमन्त्री डा. एस. जयशंकरले भन्नुभयो विश्वले सबै प्रकारका आतंकवाद र अभिव्यक्तिहरूप्रति शून्य सहनशीलता नीति अपनाउनु पर्छ।उहाँले भन्नुभयो-विश्वले सबै प्रकारका आतंकवाद र अभिव्यक्तिहरूप्रति शून्य सहनशीलता नीति अपनाउनु पर्छ। रुसको मस्कोमा आयोजित सांघाई सहयोग संगठन (SCO) सरकार प्रमुख परिषद्को बैठकलाई सम्बोधन गर्नुहुँदै डा. जयशंकरले हालैका वर्षहरूमा आतंकवाद, पृथकतावाद र अतिवाद बढेको छ र यी खतराहरूलाई बेवास्ता गर्न सकिँदैन भनी बताउनुभयो।

**बाईट**

विदेशमन्त्रीले भन्नुभयो- जलवायु परिवर्तन, महामारी र द्वन्द्वको आजको समयमा मानवीय सहयोग महत्त्वपूर्ण छ।उहाँले एक सभ्य राष्ट्रको रूपमा, भारत दृढतापूर्वक विश्वास गर्छ-जनता जनताबीचको आदानप्रदान कुनै पनि वास्तविक सम्बन्धको मूल हो। डा. जयशंकरले भन्नुभयो-भारतको विश्वास छ,एससीओले परिवर्तनशील विश्वव्यापी परिदृश्यमा अनुकूलन गर्नुपर्छ र फराकिलो एजेन्डाका साथ आफ्नो कार्यप्रणालीमा सुधार गर्नुपर्छ।

**विदेश मन्त्रालय - साउदी अरेबिया**

१७ नोभेम्बरमा मदिनामा भएको भारतीय तीर्थयात्रीहरूसँगको दुखद घटनापछि भारत सरकारको उच्चस्तरीय प्रतिनिधिमण्डल भोलि साउदी अरेबियाको भ्रमण गर्ने विदेश मन्त्रालयले घोषणा गरेको छ। प्रतिनिधिमण्डलको नेतृत्व आन्ध्र प्रदेशका गभर्नर न्यायाधीश एस. अब्दुल नजीरले गर्नुहुनेछ।यो प्रतिनिधिमण्डलले हज र उमराह मन्त्रालय लगायत साउदी अधिकारीहरूसँग समन्वय गरी पूर्ण सहयोग प्रदान गर्नेछ र उपायहरूको अनुगमन गर्नेछ। मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ- प्रतिनिधिमण्डलमा आन्ध्र प्रदेशका गभर्नरसँगै विदेश मन्त्रालयको वाणिज्य दूतावासए  पासपोर्ट तथा भीसा प्रभागका सचिव सचिव अरुण कुमार चटर्जी पनि सामेल रहनुहुनेछ।प्रतिनिधिमण्डल मृतकहरूको अन्त्येष्टिमा सामेल हुन सक्ने सम्भावना रहेको मन्त्रालयले बताएको छ।

**ईडी-अल फलाह अध्यक्ष**

प्रवर्तन निदेशनालयले अल फलाह विश्वविद्यालयका अध्यक्ष जवाद अहमद सिद्दीकीलाई धन शोधन निवारण अधिनियम अन्तर्गत पक्राउ गरेको छ। अल फलाह समूहको परिसरको खोजीको क्रममा बरामद भएका प्रमाणहरूको विस्तृत अनुसन्धान र विश्लेषणपछि पक्राउ गरिएको हो। हिजो, निदेशनालयले दिल्लीका १९ स्थानहरूमा खोजी गरेको थियो, जसमा अल फलाह विश्वविद्यालय क्याम्पस र अल फलाह समूह भित्रका प्रमुख व्यक्तिहरूको आवासीय परिसर समावेश छ। एजेन्सीले भन्यो छ- प्रमाणहरूले ट्रस्टले परिवारको स्वामित्वमा रहेका संस्थाहरूलाई करोडौं रुपैयाँ स्थानान्तरण गरेको देखाउँछ। खोजीबाट ₹४८ लाखभन्दा बढी नगद, असंख्य डिजिटल उपकरणहरू र वृत्तचित्र प्रमाणहरू बरामद गरिएको छ। एजेन्सी अनुसार समूहसँग सम्बन्धित धेरै शेल कम्पनीहरू पहिचान गरिएको छ। दिल्ली पुलिस अपराध शाखाले दायर गरेको दुई एफआईआरको आधारमा निदेशनालयले अल फलाह समूहमा अनुसन्धान सुरु गरेको छ। एफआईआरहरूमा आरोप लगाइएको छ - फरीदाबादस्थित अल

फलाह विश्वविद्यालयले विद्यार्थी, अभिभावक र सरोकारवालाहरूलाई अनुचित लाभको लागि ठगी गर्ने उद्देश्यले NAAC मान्यताको धोखाधडी र भ्रामक दाबी गरेको छ।

## COP-३० जलवायु शिखर सम्मेलन

विश्व वन्यजन्तु कोष र ग्रिनपिसले संयुक्त राष्ट्र संघको COP-३० जलवायु शिखर सम्मेलनमा सबैलाई २०३० सम्ममा वन फँडानी रोक्ने रोडम्यापमा सहमत हुन आग्रह गरेका छन्। १० नोभेम्बरमा ब्राजिलमा सुरु भएको संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन सम्मेलन २१ नोभेम्बरमा समापन हुनेछ। हिजो संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन सम्मेलनमा बोल्नुहुँदै , विश्व वन्यजन्तु कोषकी अन्तर्राष्ट्रिय महानिर्देशक कर्स्टन शुइट र ग्रिनपिस ब्राजिलकी कार्यकारी निर्देशक क्यारोलिना पास्क्वालीले COP-३० ले वन फँडानी रोक्नको लागि ठोस, समयबद्ध योजना प्रस्तुत गर्नुपर्ने बताउनुभयो।

## भारत-कोडेक्स समिति

४८ औं कोडेक्स एलिमेन्टेरियस आयोग – (CAC48) मा एसिया क्षेत्रको लागि कोडेक्स कार्यकारी समितिमा भारत पुन: निर्वाचित भएको छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ,रोममा आयोजित सत्रमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारतीय खाद्य सुरक्षा तथा मानक प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत रजित पुनहानीले गर्नुभएको थियो|भारतले खाद्य पदार्थ, कीटनाशक अवशेष, पशु चिकित्सा औषधि, विश्लेषणात्मक विधि र खानामा दूषित पदार्थहरूसँग सम्बन्धित डाटाबेसहरू अद्यावधिक र विकास गर्न जोड दिएको छ। सत्रको क्रममा, भारतले कोडेक्स सञ्चालनको दक्षता सुधार गर्न कृत्रिम बुद्धिमत्ता सहित आधुनिक प्रविधिहरूको प्रयोगलाई पनि समर्थन गर्‍यो।

## IFFI - पृष्ठभूमि

भारतको ५६ औं अन्तर्राष्ट्रिय फिल्म महोत्सव (IFFI) २०२५ भोलि गोवामा एक जीवन्त सांस्कृतिक कार्यक्रमका साथ सुरु हुँदैछ। महोत्सवमा ८० भन्दा बढी देशका अतिथि र फिल्म निर्माताहरूले भाग लिनेछन्। भारत र विश्वभरका २७० भन्दा बढी फिल्महरू प्रदर्शन गरिनेछ। महोत्सव नोभेम्बर २८ सम्म पणजीमा चल्नेछ।

**-बाइट**

## विश्व बक्सिङ कप फाइनल २०२५

बक्सिङमा,भारतकी प्रीति पवारले टोकियो ओलम्पिक पदक विजेता र तीन पटककी विश्व च्याम्पियन ताइवानकी हुआङ हसियाओ-वेनलाई ५४ किलोग्राम वर्गमा पराजित गरिन्। उनी अब विश्व बक्सिङ कप फाइनल २०२५ मा स्वर्ण पदकको लागि प्रतिस्पर्धा गर्नेछिन्।

****** ० ******